बैठक संख्या - ६६

आज मिति २०७६ साल माघ ७ गते मंगलवारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्रकुमार पाखेरेलज्यूको अध्यक्षतामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, सहीतको उपस्थितिमा कनकाई नगर कार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय अनुसार निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. नगर प्रमुख | राजेन्द्रकुमार पोखरेल | |
| २. नगर उपप्रमुख | मञ्जु प्रसाई | |
| ३. वडा अध्यक्ष | रोशनराज पोखरेल | |
| ४. वडा अध्यक्ष | परशुराम गिरी | |
| ५. वडा अध्यक्ष | रुद्रप्रसाद चिमरिया | |
| ६. वडा अध्यक्ष | गोविन्द प्रसाद पौडेल | |
| ७. वडा अध्यक्ष | कृष्णबहादुर राई | |
| ८. वडा अध्यक्ष | लक्ष्मीप्रसाद ओली | |
| ९. वडा अध्यक्ष | लीलाबहादुर कन्ङ्वा | |
| १०. वडा अध्यक्ष | प्रेमबहादुर कटुवाल | |
| ११. वडा अध्यक्ष | प्रेमप्रसाद राजवंशी | |
| १२. कार्यपालिका सदस्य | सिता अधिकारी | |
| १३. कार्यपालिका सदस्य | साबित्रा बर्देवा | |
| १४. कार्यपालिका सदस्य | चुवालाल राजव्रशी | |
| १५. कार्यपालिका सदस्य | देवेन्द्रकुमार दर्जी | |
| १६. कार्यपालिका सदस्य | कृष्णमाया भुजेल | |
| १७. कार्यपालिका सदस्य | सुनिता खरेल सिग्देल | |
| १८. कार्यपालिका सदस्य | नवलकशोर दत्त कायस्थ | |
| १९. कार्यपालिका सदस्य | मुना बयलकोटी | |
| २०. सदस्य सचिव नि.प्र प्र अ | पिताम्बर गौतम | |
| २१. अन्य कर्मचारी | | |

प्रशासकीय अधिकृत - विवेक [illegible]

## प्रस्तावहरु

१ साहारा नेपाल साकोस सँग सहकार्य सम्बन्धमा ।

२ उपमेयर सुत्केरी पोषण कार्यक्रम सम्बन्धमा ।

३ रघुमार्ग चप्रामारी मल्टिट्रस बृज सम्बन्धमा ।

४ माई मेलाको पार्कीङ शुल्क सम्बन्धमा ।

५ वडा नं ६ को कार्यालय संचालनका लागि घर भाडामा लिने सम्बन्धमा ।

६ कृषि तथा पशु विकास कार्यक्रमको फोकल पर्सन सम्बन्धमा ।

७ सच्याइएको सम्बन्धमा ।

८ पुरस्कार प्रायोजन तथा आर्थिक सहयोग सम्बन्धमा ।

९ घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धमा ।

## निर्णयहरु

१ प्रस्ताव नं १ माथि छलफल गर्दा यस नगरपालिका तथा सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड (साकोस) बीच विगत देखि नै भौतिक पूर्वाधार एवं सामाजिक विकास का क्षेत्रमा सहकार्य एवं समन्वयमा कार्यक्रम संचालन हुँदै आएकोमा सोको निरन्तरताका लागि यस आ व मा तपशिल अनुसार कार्यक्रममा तपशिल अनुसार साझेदारी एवं समन्वय को लागि सम्झौता गर्ने निर्णय गरियो ।

क जेष्ठ नागरिक चौतारी ३ वटा निर्माण गरिने,

ख विपन्न परिवारका लागि १०० वटा आवास निर्माण गरिने,

ग स्वरोजगारका लागि कुटीर उद्योग संचालन गरिने,

घ ९ वटै वडामा पाठेघरको क्यान्सर सम्बन्धी स्वास्थ्य शिविर संचालन गरिने,

ङ प्रांगारिक खेती प्रवर्द्धन कार्यक्रम संचालन गरिने,

च १०० वटा टनेलका दरले २ स्थानमा टनेल भिलेज निर्माण गरिने,

छ Community Based Resource Centre १ वटा संचालन गरिने,

ज १० वटा फ्रेश हाउसको स्थापना गरिने,

झ ३ स्थानमा स्मार्ट चोक निर्माण गरिने,

ञ १४ वटा बाल विकास केन्द्रहरु व्यवस्थापन तथा सामग्री वितरण गरिने,

ट योग तथा ध्यान कार्यक्रम १० वटा संचालन गरिने ।

२ प्रस्ताव नं २ माथि छलफल गर्दा उपमेयर सुत्केरी पोषण कार्यक्रम अन्तर्गत झुल र घ्यु प्रदान गरिँदै आएकोमा अब उप्रान्त झुल तथा नगद रु २००० बैंकिङ्ग प्रणालीमार्फत प्रदान गर्ने उपप्रमुख सुत्केरी पोषण कार्यक्रम संचालन समितिबाट भएको निर्णय अनुमोदन गर्ने गरियो । उपप्रमुख द्वारा पेश गरिएको उपमेयर सुत्केरी पोषण कार्यक्रम तथा नगरस्तरीय अनुगमन समितिको प्रतिवेदन पेश भई जानकारी प्राप्त भयो ।

३ प्रस्ताव नं ३ माथि छलफल गर्दा रघुमार्ग चप्रामारी मल्टिट्रस बृज निर्माणका लागि आवश्यक पर्ने स्टीलका सामानहरु खरिद गर्ने सम्बन्धमा मिति २०७६।०८।०६ गते प्रकाशित सूचना अनुसार मिति २०७६।०९।०७ गते खोलिएको बोलपत्र मध्ये श्री मैनावती स्टील ईन्डस्ट्रीज प्रा लि थापाथली ,काठमाण्डौ बाट प्राप्त न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा मूल्यांकन समितिबाट पेश भएबमोजिम बोलपत्र स्वीकृतिका लागि आशयको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

४ प्रस्ताव नं ४ माथि छलफल गर्दा माई मेलाको पार्कीङ शुल्क बढी लिएको सम्बन्धमा गुनासो प्राप्त भएकाले यही मिति २०७६।१०।१२ गते प्रहरी प्रशासन, ठेकेदार वा प्रतिनिधि ,मेला व्यवस्थापन समिति सँग छलफल गर्ने निर्णय गरियो।

५ प्रस्ताव नं ५ माथि छलफल गर्दा वडा नं ६ को कार्यालय संचालनका लागि घर भाडामा लिने सम्बन्धमा मिति २०७६।०९।०९ मा प्रथमपटक एवं मिति २०७६।०९।२९ गते सूचना पुन प्रकाशन गर्दा समेत एउटा मात्र प्रस्ताव पेश भएकोले कनकाई नगरपालिका वडा नं ६ निवासी श्री केशव बहादुर प्रधान बाट पेश भएको धारा एवं बत्तीको शुल्क बाहेक मासिक रु १०,५००।— मात्र को प्रस्ताव स्वीकृत गरी आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो।

६ प्रस्ताव नं ६ माथि छलफल गर्दा नगरमा कृषि तथा पशुपालन सँग सम्बन्धित कार्य प्रभावकारी रुपमा सम्पादन गर्न प्रत्येक वडामा वडा अध्यक्ष वा वडा सदस्यलाई फोकल पर्शन तोकी कार्यसम्पादनमा सहजता ल्याउने निर्णय गरियो। साथै कृषक नगरपालिका तथा फोकल पर्सनको सम्बन्धित प्राविधिक सँग बैठक यही २०७६।१०।२० भित्रै सम्पन्न गर्ने निर्णय गरियो।

७ प्रस्ताव नं ७ माथि छलफल गर्दा नगर कार्यपालिकाको बैठक पुस्तिकामा विभिन्न बैठकहरुमा नगर प्रमुखको अध्यक्षतामा भएको बैठक हुनुपर्नेमा अन्यथा भएकोले सच्याउने निर्णय गरियो।

८ प्रस्ताव नं ८ माथि छलफल गर्दा तपशिल अनुसारको आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।
क. जामुनखाडीमा संचालन हुने प्रदेश स्तरीय भलिबल खेलको प्रथम पुरस्कार रु प्रायोजन गर्ने निर्णय गरियो।
ख. विष्णु पाञ्चायन मुक्ति धामलाई संस्थागत सहयोग शीर्षकबाट रु १,००,०००।— सहयोग प्रदान गर्ने निर्णय गरियो।
ग. साङछयालिङ बौद्ध गुम्बालाई कम्पाउन्ड वाल निर्माणको लागि रु संस्थागत सहयोग शीर्षकबाट रु २,००,०००।— सहयोग प्रदान गर्ने निर्णय गरियो।

९ प्रस्ताव नं ९ माथि छलफल गर्दा यस कार्यालयमा घ वर्गको ईजाजतपत्र माग गरी ४ वटा विभिन्न निर्माण व्यवसायीहरुबाट माग भएकोमा अनुगमन समिति तथा प्राविधिक शाखा को प्रतिवेदनका आधारमा ईजाजत प्रदान गरिने निर्णय गरियो।